आज मिति २०८१ मंसिर १२ गतेका दिन बेसीशहर नगर पालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ५० (पचासौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| नगर उप- प्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य | वडा नं. १, | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " | " २, | श्री मदन बहादुर राना |
| " " | " ३, | श्री चित्र बहादुर दर्लाई |
| " " | " ४, | श्री राम बहादुर गुरुङ |
| " " | " ५, | श्री इन्द्र बहादुर गुरुङ |
| " " | " ६, | श्री प्रकाश थापा |
| " " | " ७, | श्री ऋषिराम बस्नेत |
| " " | " ८, | श्री पवित्रा थापा राना |
| " " | " ९, | श्री खुसीजंग गुरुङ |
| " " | " १०, | श्री गंगा बहादुर थापा |
| " " | " ११, | श्री शिव प्रसाद जोशी |
| " " | | श्री हिरालाल विश्वकर्मा |
| " " | | श्री श्रीनाथ दुलाल |
| " " | | श्री कल्पना थापा बोहरा |
| " " | | श्री विमला न्यौपाने अधिकारी |
| " " | | श्री सुकमाया घर्ती |
| " " | | श्री सुकमाया गुरुङ |
| " " | | श्री मनिता परियार |

सहजकर्ता कर्मचारीको उपस्थिति

अधिकृत श्री शम्भु प्रसाद घिमिरे

कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. आ.व.२०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्वन्धमा ।
३. प्रशासकीय भवनको जग्गा व्यवस्थापन सम्बन्धमा ।
४. चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।
५. सहजी खेलमैदानको जग्गा खरिद सम्बन्धमा ।
६. फोहरमैला व्यवस्थापन सम्बन्धी अवलोकन भ्रमण सम्बन्धमा ।
७. युवा सीपमूलक तालिमको सम्बन्धमा ।
८. नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।
९. नगरपालिकाको वित्तिय सुशासन जोखिम मूल्याङकन सम्बन्धमा।
१०. प्रथम चौमासिक प्रगति समिक्षा सम्बन्धमा ।
११. नगर शिक्षा योजना निर्माण सम्बन्धमा ।
१२. वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।
१३. नगरस्तरीय आयोजनाको नाम संशोधन सम्बन्धमा ।
१४. प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका आयोजना सम्बन्धमा ।
१५. छुट आयोजना सम्बन्धमा ।
१६. नदिजन्य पदार्थको सम्बन्धमा ।
१७. सडक निर्माणको गुणस्तर मापन उपकरण खरिद सम्बन्धमा ।
१८. अपाङ्गता दिवस मनाउने सम्बन्धमा ।
१९. जेष्ठ नागरिक हेरचाहकर्ता सम्मान कार्यक्रम सम्बन्धमा ।
२०. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्बन्धमा ।
२१. अनिवार्य अवकाश पत्र सम्बन्धमा ।
२२. विविध
   - नागरिक आरोग्य केन्द्रको सञ्चालन खर्च सम्बन्धमा ।
   - विज्ञको अनुमोदन सम्बन्धमा ।
   - वडा नं १ को जग्गा बर्गिकरण सम्बन्धमा ।
   - राजिनामा स्वीकृत सम्बन्धमा ।
   - अध्ययन विदा स्वीकृत सम्बन्धमा

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

## <u>बैठकबाट पारित निर्णयहरु</u>

**<u>निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।</u>**

मिति २०८१/०७/११ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

**<u>निर्णय नं.२: आ.व.२०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।</u>**

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन यस बैठकमा प्रस्तुत हुँदा उक्त लेखा परीक्षण प्रतिवेदन छलफलको लागि लेखा समितिमा पठाउने र सो समितिको निश्कर्ष पश्चात कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३: प्रशासकीय भवनको जग्गा व्यवस्थापन सम्बन्धमा ।</u>**

बेसीशहर नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि विभिन्न प्रयास र पहल हुँदा समेत हालसम्म जग्गा प्राप्त हुन नसकेको सन्दर्भमा उपयुक्त जग्गाको खोजी गर्ने क्रममा बेसीशहर नगरपालिका वडा नं ७ बुढाथर पुछार भलुवाटारस्थित खिम बहादुर घिमिरेको नाउँमा रहेको जग्गाको स्थलगत निरीक्षण गर्दा सो जग्गा नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि उपयुक्त देखिएको र सम्बन्धित जग्गाधनीले दानदातव्यको रुपमा बेसीशहर नगरपालिकाको नाउँमा पास गर्न मञ्जुर रहेको सम्बन्धमा यस बैठकमा छलफल हुँदा उक्त जग्गा प्राप्त गर्न सबै विषयमा छलफल अगाडि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.४: चौमासिक खर्चको प्रगति विवरण सम्बन्धमा ।</u>**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(३) वमोजिम आर्थिक प्रशासन शाखाबाट प्राप्त भएको बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम चौमासिक अवधीमा भएको चालु र पूँजीगत सहित समग्र खर्चको प्रगति विवरणको पाना संख्या ६ यस बैठकमा प्रस्तुत हुनुको साथै सवैलाई एक एक प्रति उपलब्ध गराइयो र देहाय अनुसारको प्रथम चौमासिक खर्च प्रगतिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

<u>देहाय:</u>

१. कुल बजेट रु. : ७४ करोड ७२ लाख ७३ हजार
१.१चालु बजेट रु. : ५२ करोड २ लाख ९४ हजार
१.२ पूँजीगत बजेट रु : २२ करोड ६९ लाख ७९ हजार
२. कुल खर्च रु. : १२ करोड ७६ लाख ४७ हजार ४९८ (१७.०८%)
२.१ चालु खर्च रु. : १० करोड ४९ लाख २४ हजार १४५
२.२ पूँजीगत खर्च रु. : २ करोड २७ लाख २३ हजार ३५३

गुमान सिंह अर्याल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

**निर्णय नं.५: सहजी खेलमैदानको जग्गा खरिद सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ स्थित सहजी खेलमैदान विस्तारको लागि मर्स्याङ्दी गाउँपालिका-५ साविक घेर्मु गाविस-४ स्थायी ठेगाना भएका कान्छामान गुरुङको नाउँमा बेसीशहर नगरपालिका वडा नं ७ साविक बेसीशहर गाविस-४ मा अवस्थित कित्ता नं १५१४ को ०-५-०-० क्षेत्रफल रहेको जग्गा अति आवश्यक र उपयुक्त भएको साथै सम्बन्धित जग्गाधनीले सो जग्गा बेच्न मञ्जुर समेत भएको स्थितिमा नगरपालिकाले जिल्ला खेलकुँद विकास समितिको नाउँमा उक्त जग्गा खरिद गर्नको लागि मिति २०८१/०७/११ को कार्यपालिका बैठकको निर्णय नं ५ वमोजिम गठन गरिएको मूल्य निर्धारण समितिको बैठकको निर्णय समेतका आधारमा जग्गा बिक्री गर्दा लाग्ने पूँजीगत लाभकर, रजिष्ट्रेशन शुल्क तथा अन्य लाग्ने दस्तुर स्वयं बिक्रेता जग्गाधनीले व्यहोर्ने शर्तमा उक्त जग्गाको मूल्य रु. २७,००,०००।- (अक्षेरुपी सत्ताईस लाख मात्र) कायम गर्ने गरी प्राप्त हुन आएको सो समितिको बैठकको निर्णय सिफारिस मनासीब देखिएकोले नगरपालिकाले नगरसभाबाट विनियोजित बजेटबाट रु. २७ लाख विक्रेता जग्गाधनीलाई भुक्तानी दिने गरी जिल्ला खेलकुँद विकास समितिको नाउँमा उक्त जग्गा खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.६: फोहरमैला व्यवस्थापन सम्बन्धी अवलोकन भ्रमण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले फोहरमैलाको उचित व्यवस्थापनको लागि धेरै विकल्पहरुमा छलफल चलाई रहँदा समेत उचित निर्णयमा पुग्न नसिकएको हुँदा अन्यत्र पालिकाहरुमा फोहरमैला व्यवस्थापनको लागि गरिएको असल अभ्यासको अध्ययन अवलोकन गर्ने उद्देश्यले यही २०८१ मंसिर २६ देखि २८ गतेसम्म तोकिए वमोजिमका जनप्रतिनिधि तथा कर्मचारीहरु २० जनासम्मलाई विशेष गरी पालुङटार, खैरहनी, रत्ननगर, पोखरा, वालिङ नगरपालिका र आवश्कयतानुसार बाटोका आसपासमा पर्ने अन्य स्थानीय तहको समेत अध्ययन अवलोकन भ्रमणमा लैजाने र यस सम्बन्धी प्रस्तावना स्वीकृत गरी अन्य व्यवस्थापकीय कार्य गर्ने गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

**निर्णय नं.७: युवा सीपमुलक तालिमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत युवा सीपमूलक तालिम सञ्चालन कार्यक्रमतर्फ देहायका सीपमुलक तालिमहरु सञ्चालन गर्ने र सो को लागि तालिम लिन ईच्छुक व्यक्तिहरुबाट ३० दिनको म्याद राखी निवेदन दिन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

देहायः

१. हलुका सवारी चालक आधारभूत तालिम, ३० दिनेः ५० जना
२. लेडिज ब्याग/पर्स लगायत मायाको चिनो बनाउने तालिम, ४५ दिनेः १५ जना
३. कुकिङ तालिम आधारभुत, ३० दिनेः १५ जना
४. ब्युटिसियन एडभान्स तालिम २० जना

**निर्णय नं.८: नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।**

नेपाल सरकारले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ अनुसार यस बेसीशहर नगरपालिकाले गत आ.व.२०८०/८१ मा गरेका काम कारवाही र कार्यसम्पादनलाई आधार

गुमान सिंह अर्याल
नगर प्रमुख

मानी चालु आ.व २०८१/८२ मा गरिने संस्थागत क्षमता स्वमूल्याङ्कनको कार्य तोकिएको समयावधी भित्र सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९: नगरपालिकाको वित्तिय सुशासन जोखिम मुल्याङ्कन सम्बन्धमा ।**

नेपाल सरकारले जारी गरेको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ मा तोकिए वमोजिमका सूचकहरुको आधारमा बेसीशहर नगरपालिकाको अवस्था लेखाजोखा गरी तोकिएको समयावधिभित्र प्रतिवेदन तयार गर्नको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०: प्रथम चौमासिक प्रगति समिक्षा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी मिति २०८१ मंसिर १७ गते सोमबार दिनको १०.३० बजे नगरपालिकाको सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.११: नगर शिक्षा योजना निर्माण सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ मा बेसीशहर नगरपालिकाको नगर शिक्षा योजना निर्माण कार्य सम्पन्न गर्ने र यस सम्बन्धी कार्यको लागि प्राविधिक समिति गठन गर्ने जिम्मेवारी नगर शिक्षा समितिलाई प्रदान गर्ने साथै योजना निर्माणको क्रममा लाग्ने अनुमानित खर्चको प्रस्तावना तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१२: वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर योजना तथा विविध कार्यक्रम खर्च, बेनपा-१ | ४ लाख ७९ हजार ९५५ | १.१सारतेपोखरी दशैं मेला एवम् खुल्ला फुटवल बेनपा-१ | ५० हजार |
| | | १.२ विपन्न घरपरिवारलाई खाद्यान्न वितरण, बेनपा-१ | १७ हजार |
| | | १.३ उदिपुर बजार क्षेत्र सडक बत्ति जडान एवम् मर्मत, बेनपा-१ | ७ हजार |
| | | १.४ धिमिरे पहिरो नियन्त्रण, बेनपा-१ | २० हजार |
| २.अन्नपूर्ण आमा समुह भवन स्तरोन्नति, बेनपा-१ | १ लाख | २. अन्नपूर्ण आमा समुह भाँडाकुँडा तथा फर्निचर खरिद, बेनपा-१ | १ लाख |
| ३.मेयरकप र वडाध्यक्ष कप कार्यक्रम, बेनपा-२ | २ लाख | ३.१ मेयर कप प्रतियोगिता, बेनपा-२ | ७० हजार |
| | | ३.२ वडाध्यक्ष कप कार्यक्रम,बेनपा-२ | १ लाख ३० हजार |
| ४.वडा खेलकुँद कार्यक्रम, बेनपा-६ | २ लाख | ४.१ पाचौं मेयरकप खेलकुँद, बेनपा-६ | ५० हजार |
| | | ४.२ मकैडाँडा युवा क्लव खेलकुँद, | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | बेनपा-६ | २० हजार |
| ५.वडा फुटकर कार्यक्रम, बेनपा-६ | १ लाख ११ हजार | ५.१ तल्लो मकैडाँडा बिजुली बत्ती जडान, बेनपा-६<br>५.२ वडा कार्यालय भवन च्यानल गेट निर्माण, बेनपा-६ | २० हजार<br>२७ हजार |
| ६.वडा शैक्षिक कार्यक्रम, बेनपा-६ | २ लाख | ६.१ चनौटे प्रा.वि फर्निचर खरिद, बेनपा-६<br>६.२ गंगा मिलन मावि शैक्षिक सुधार कार्यक्रम, बेनपा-६ | ५० हजार<br>१ लाख ५० हजार |
| ७.चनौटे मगरगाउँ गोरेटो बाटो निर्माण, बेनपा-६ | १ लाख | ७.सफल आमा समुह भवन मर्मत, बेनपा-६ | १ लाख |
| ८.लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा-९ | ६ लाख १७ हजार ९३१ | ८.महिला स्वास्थ्य स्वंसेविका र वडा/स्वास्थ्य कर्मचारी अवलोकन भ्रमण, बेनपा-९ | १ लाख ५० हजार |
| ९.शिक्षा सुधार कार्यक्रम, बेनपा-११ | ३ लाख ५ हजार | ९.१जनकल्याण मावि मल्टिमिडिया कक्षा व्यवस्थापन, बेनपा-११<br>९.२ बाल विकास मावि च्यानल गेट निर्माण, बेनपा-११<br>९.३ लोकराज मावि अभिमुखीकरण तथा शैक्षिक सामाग्री वितरण, बेनपा-११<br>९.४ जनजागृति आवि कम्पाउण्डिङ, बेनपा-११ | १ लाख<br>१ लाख<br>५० हजार<br>५५ हजार |
| १०.सामुहिक कृषि खेती, बेनपा-११ | २ लाख ९७ हजार | १०.१ बजारखुट्टा राधाकृष्ण आमा समुह आलु खेती<br>१०.२ निकिता कृषि तथा मौरीपालन फर्म तरकारी खेती कार्यक्रम, बेनपा-११<br>१०.३ सागर कृषि फर्म तरकारी उत्पादन कार्यक्रम, | १ लाख ५० हजार<br>३० हजार<br>१७ हजार |
| ११.स्वास्थ्य सम्बन्धी कार्यक्रम, बेनपा-११ | २ लाख | ११.१महिला स्वास्थ्य स्वयंसेविका यातायात खर्च, बेनपा-११<br>११.२ बरबोट शहरी स्वास्थ्य संस्था पोषण खर्च, बेनपा-११ | ७२ हजार<br>२५ हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | ११.३ चितीथला स्वास्थ्य चौकी पोषण खर्च, बेनपा-११<br>११.४ चितीथला स्वास्थ्य चौकी झ्यालढोका/ग्रिल मर्मत, बेनपा-११<br>११.५ आँखा शिविर व्यवस्थापन खर्च, बेनपा-११ | ४५ हजार<br>३० हजार<br>२८ हजार |
| १२.विविध, बेनपा-११ | ३ लाख ५८ हजार | १२.१अधिकारी पोल्ट्री फर्ममा २० एम.एम.को पोलिथिन पाइप खरिद, बेनपा-११<br>१२.२ ध्वाँखोला-तिलाहार गोरेटोबाटो सरसफाई कार्यक्रम, बेनपा-११<br>१२.३बालमैत्री वडा साइनबोर्ड व्यवस्थापन खर्च, बेनपा-११<br>१२.४ पिपलबोटबाट उपल्लोथर जोड्ने गोरेटो बाटो मर्मत, बेनपा-११ | २५ हजार<br>५ हजार<br>३० हजार<br>५० हजार |
| १३.खेलकुँद सम्बन्धी कार्यक्रम, बेनपा-११ | २ लाख ५० हजार | १३. मेयरकफ खेलकुँद प्रतियोगितामा सहभागीका लागि पोशाक, खाना, खाजा र सवारी व्वस्थापन, बेनपा-११ | ६० हजार |
| १४.तामाङ आमा समुह भवन निर्माण, बेनपा-११ | २ लाख | १४.बुद्ध आमा समुह भवन तथा शौचालय निर्माण, बेनपा-११ | २ लाख |
| १५.निशान कालिका गढी कम्पाउण्डिङ, बेनपा-११ | ५ लाख | १५.निशान कालिका मन्दिर मर्मत तथा कम्पाउण्डिङ, बेनपा-११ | ५ लाख |
| १६.स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण, बेनपा-७ | १ लाख ५० हजार | १६.अध्ययन अवलोकन भ्रमण(स्वास्थ्य स्वयंसेविका,वडाका जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि) बेनपा-७ | १ लाख ५० हजार |
| १७.विविध खेलकुँद कार्यक्रम(भेट्रान्स कप), बेनपा-७ | ३ लाख | १७.पाचौं मेयरकप २०८१ खेलाडी सहभागी खर्च, बेनपा-७ | ३५ हजार |

**निर्णय नं १३: नगरस्तरीय आयोजनाको नाम संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ को लागि स्वीकृत आयोजनाहरु मध्ये देहायको नगरस्तरीय आयोजनाको नाम देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

देहाय:

| साविक आयोजनाको नाम र ठेगाना | संशोधित आयोजनाको नाम र ठेगाना |
|---|---|
| १.मदन आश्रित भवन सुधार, बेनपा-८ | १. मदन आश्रित स्मृति भवन मर्मत सम्भार, बेनपा-८ |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

निर्णय नं १४: प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका आयोजना सम्बन्धमा ।

प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ चालु आ.व. २०८१/८२ को लागि प्रोजेक्ट बैंकमा रहेका देहायका आयोजनाहरुमध्येबाट छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय:

वडा १

कुमारी चोकबाट बराल चोक जाने गोरेटो बाटो निर्माण

सानो धिमिरे गोरेटो बाटो निर्माण

बडहरे पहिरो नियन्त्रण

वडा २

मगर सामुदायिक भवन देखि काठे कौला अधुरो योजना

कल डाडा देखि रातो डाडा जाने गोरेटो बाटो निर्माण

पधेरो खोलाबाट मगर गाउँ भवन सम्म गोरेटो बाटो निर्माण

पुरानो शिव विनायक मन्दिर देखि जफाती जाने बाटो

वडा ३

नविन बानियाको घरदेखि पानि ट्यांकी सम्म गोरेटो बाटो निर्माण

चन्दनदेवी मन्दिर मर्मत

रानीकुवा कौलेपानी नाला सरसफाई

वडा ४

भबिष्य उज्जवल आमा समूह भवन निर्माण

गणेश मिलन आमा समूह भवनमा ग्याबिन जाली

वडा ५

कुयल्तु नयाँ घर सिढी निर्माण

होदकु दलित बस्ति सिढी निर्माण

वडा ६

सेर कुलो मर्मत योजना

उपल्लो मकैडाडा सामुदायिक भवन निर्माण

वडा ७

सुयलथोक सिढी निर्माण

मैगुम सिढी निर्माण

वडा ८

साउने खोला तल्लो रावल चौतारा देखि माथि रावल चौतारासम्म बाटो स्तरउन्नति

माथिल्लो रावल चौतारा देखि साउने पानि सम्म बाटो स्तरउन्नति

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

वडा ९

चन्द्र बहादुरको घर देखि टाडी बिसौनी हुदै पोखरी टोलसम्म गोरेटो बाटो निर्माण

वडा १०

कैजलबोटे खर्यान गाउँको चौतारा हुदैथुम्का सम्मको गोरेटो बाटो सिढी निर्माण योजना

खसुरबेसी गोरेटो बाटो सिढी निर्माण योजना

वडा ११

तिवारी डाडाबाट पाण्डे गाउँसम्म जाने गोरेटो बाटो निर्माण

माझथोक देखि कुताल गाउँ सम्म जाने गोरेटो बाटो निर्माण

निर्णय नं १५: छुट आयोजना सम्बन्धमा ।

गत नगरसभामामा पेश हुँदाका वखत समावेश भएको तर स्वीकृत हुँदाका बखतसम्म छुट हुन गएको देहायको आयोजनालाई देहाय अनुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

देहायः

| आयोजनाको नाम र ठेगाना | रकम रु | विनियोजित शिर्षक |
|---|---|---|
| साठीकुना सडक स्तरोन्नति, बेनपा-२, | १ लाख | सडक पूर्वाधार फुटकर कार्यक्रम/संघीय समानीकरण |

निर्णय नं १६: नदिजन्य पदार्थको सम्बन्धमा ।

(क) स्टक प्रमाणित सम्बन्धमा ।

बेसीशहर नगरपालिकाबाट गत आ.व. २०८०।८१ मा लगाइएका आय ठेक्काहरुमध्ये रिष्टेवगर घाटमा वालुवा/ग्राभेल संकलन तथा विक्रीको ठेक्का लगाइएकोमा सो वर्ष संकलन गरिएका नदीजन्य पदार्थ सबै विक्री नभई यस वर्ष समेत स्टक रहन गएकाले स्टक प्रमाणित गरी पाउन निवेदन पेश भए वमोजिम यस कार्यालयबाट प्राविधिक सहितको स्थलगत अनुगमन गर्दा ४,७२७।४३ घनमिटर वरावरको सामाग्रीको स्टक परिमाण प्राप्त हुन आएकोले उक्त परिमाणको निर्माण सामाग्री यस आ.व. २०८१।८२ मा समेत विक्री गर्न पाउने गरी स्टक प्रमाणित गरिदिने निर्णय गरियो ।

(ख)निजी जग्गामा रहेको ढुंगा संकलन तथा विक्रीको लागि अनुमति सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं. १ उदीपुरस्थित श्री ननबुब्वा गुरुङको कित्ता नं. २६३ को जग्गामा रहेको ढुंगा संकलन गरी विक्रीको अनुमति माग भई आएकोमा यस कार्यालयबाट भएको प्राविधिक सहितको अनुगमनबाट २८८ घनमिटर ढुंगा मात्र विक्रीको अनुमति दिन उपयुक्त हुने भनि इष्टिमेट प्राप्त भएकोले निजलाई प्राविधिक इष्टिमेट अनुसार २८८ घनमिटर ढुंगा मात्र सार्वजनिक जमिनलाई कुनै क्षति नगरी वातावरणीय प्रतिकूल असर नपर्ने गरी प्रयोग गरी बाँकी रहेका काम नलाग्ने गेग्रान सोही स्थानमा थुपारेर राख्ने शर्त सहित उक्त ढुंगा संकलन गरी विक्री गर्न अनुमति दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

**(ग)बेलौती बिसौनाको वालुवा संकलनको लागि प्रकाशित सूचनामा पर्न आएको निवेदन**

यस नगर कार्यपालिकाको मिति २०८१/७/११ मा बसेको बैठकको निर्णय नं ८ (क) अनुसार बेसीशहर नगरपालिका-६ बेलौती बिसौना क्षेत्रमा मर्स्याङ्दी नदीको किनारामा ३ स्थानमा जम्मा भएको वालुवा संकलन गरी विक्रीको लागि ७ दिनको सूचना प्रकाशन गरिएकोमा एउटाको (ग खण्ड) मात्र निवेदन पर्न आएकोले निवेदकलाई आवश्यक प्रकृया पुरा गरी उक्त वालुवा संकलन गरी विक्रीको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं १७: सडक निर्माणको गुणस्तर मापन उपकरण खरिद सम्बन्धमा ।**

सडक निर्माणको क्रममा हुने ढलान र कालोपत्रे कार्यमा गुणस्तर सुनिश्चित गर्नको लागि फर्निचर/फिक्चर/ साधन/उपकरण खरिद शिर्षकमा विनियोजित बजेटबाट तोकिए वमोजमको स्पेसिफिकेशन भएको देहायका उपकरण खरिद गर्ने निर्णय गरियो ।

देहाय

१.CORE CUTTER MACHINE ELECTRICAL WITH GENETOR

२. REBAR SCANNER MACHINE

३. AUTOLEVEL SET GERMAN

**निर्णय नं १८: अपाङ्गता दिवस मनाउने सम्बन्धमा ।**

प्रत्येक वर्ष मनाउँदै आइएको डिसेम्बर ३ तारिखका दिन पर्ने अन्तर्राष्ट्रिय अपाङ्गता दिवस यस वर्ष पनि विभिन्न कार्यक्रमका साथ मनाउने सिलसिलामा विनियोजित बजेट रु.५० हजारबाट नगरपालिकास्तरीय अपाङ्गता सञ्जालका सदस्यहरु र अन्य सरोकारवालाहरुलाई लक्षित गरी क्षमता अभिबृद्दि तालिम सञ्चालन गर्ने र यसको जिम्मेवारी अपाङ्ग संरक्षण समाजलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १९: जेष्ठ नागरिक हेरचाहकर्ता सम्मान कार्यक्रम सम्बन्धमा ।**

गत वर्ष झैं यस वर्ष पनि जेष्ठ नागरिक हेरचाहकर्ताहरु सम्मान कार्यक्रमको लागि बजेट विनियोजन गरिएको हुँदा देहायको मापदण्ड वमोजिम देहायको संख्यामा वडाहरुले जेष्ठ नागरिक हेरचाहकर्ताहरु छनौट गर्ने र छनौट भएका ५० जना हेरचाहकर्ताहरुलाई २०८१ पुस ११ गते जेष्ठ नागरिक दिवसको अवसरमा जनही नगद रु.५ हजार र प्रमाणपत्र सहित सम्मान गर्ने निर्णय गरियो ।

**छनौटका आधारहरु:**

- विपन्न घर परिवारलाई प्राथमिकता दिने ।
- गत वर्ष छनौटमा नपरेको हुनुपर्ने ।
- निरन्तर सेवाको अवधीलाई विचार गर्ने तथा निस्वार्थ सेवाभावपूर्वक काम गरेको हुनुपर्ने ।
- जेष्ठ नागरिकप्रतिको बोली व्यवहार राम्रो भएको ।
- ८० वर्षभन्दा माथिककालाई वा दीर्घरोगी वा अपाङ्गता भएका व्यक्तिहरुलाई हेरचाह गरेको हुनुपर्ने ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

(घ) जेष्ठ नागरिक संख्याको अनुपातमा छनौट भई सम्मानित हुने हेरचाहकर्ताको संख्या

| वडा नं | एक | दुई | तीन | चार | पाँच | छ | सात | आठ | नौ | दश | एघार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छनौट गर्नुपर्ने संख्या | ५ | ६ | ३ | ३ | ४ | ४ | ३ | ३ | ३ | ८ | ८ |

**निर्णय नं २० : लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्बन्धमा ।**

"हामी सबैको प्रतिबद्धता: लैङ्गिक हिंसाको अन्त्यको लागि ऐक्यबद्धता" भन्ने राष्ट्रिय नारा र Towards 30 years of Beijing Declaration and Platform for Action: UNiTE to end Violence against Women भन्ने अन्तर्राष्ट्रिय नाराका साथ मनाउँदै गरिएको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान २०८१ को सन्दर्भमा सरोकारवाला निकायहरुसंगको समेत समन्वयमा नगरपालिकाबाट राखिएका कार्यक्रमहरु अनुमोदन गर्ने साथै यस अभियानलाई सफलतापूर्वक सम्पन्न गर्ने कार्यमा सक्दो सहयोग पुर्याउने निर्णय गरियो ।

**निर्णय नं २१ : अनिवार्य अवकाश पत्र सम्बन्धमा ।**

(क) निजामती कितावखानामा रहेको अभिलेख अनुसार यस कार्यालयमा शिक्षा अधिकृत (आठौं) तहमा कार्यरत रामकृष्ण त्रिपाठीको जन्ममिति २०२३/९/१ भएकोले २०८१/८/३० मा ५८ वर्ष सेवा उमेर पुरा भै उमेर हदका कारण अनिवार्य अवकाश हुनुहुने भएकोले नीजलाई २०८१/९/१ देखि लागु हुने गरी अनिवार्य अवकाश दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

(ख) यस कार्यालयमा स्थानीय प्रशासन सेवा, प्रशासन समुह अधिकृत छैटौं तहमा कार्यरत घन बहादुर कुतालको यस कार्यालयमा रहेको अभिलेख अनुसार नीजको जन्ममिति २०२३/४/१९ भएकोमा २०८१/४/१८ मा ५८ वर्ष उमेर पुरा भैसकेको हुँदा नीजलाई उमेरहदका कारण २०८१/४/१९ देखि लागु हुने अनिवार्य अवकाश दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

(ग) यस कार्यालयमा स्थानीय प्रशासन सेवा लेखा समुह अधिकृत छैटौं तहमा कार्यरत अमर कुमार श्रेष्ठको यस कार्यालयमा रहेको अभिलेख अनुसार निजको जन्ममिति २०२३/५/२१ भएकोमा निज २०८१/५/२० मा ५८ वर्ष पुरा भैसकेको हुँदा उमेर हदका कारण नीजलाई २०८१/५/२१ देखि लागु हुने गरी अनिवार्य अवकाश दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१२ गतेको बैठक

**निर्णय नं २२ : नागरिक आरोग्य केन्द्रको सञ्चालन खर्च सम्बन्धमा ।**

चालु आ.व.मा प्रदेश समानीकरण शिर्षकबाट स्वास्थ्य संस्था सञ्चालन सहयोग १५ वटा तर्फ प्रति संस्था ५० हजारका दरले रु.७ लाख ५० हजार विनियोजन भएको र १५ वटा मध्येमा नागरिक आरोग्य केन्द्र बेनपा-२ भकुण्डे समेत गणना भएको हुँदा उक्त स्वास्थ्य संस्थाको लागि समेत सञ्चालन खर्च रु. ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २३ : विज्ञको अनुमोदन सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ यस नगरपालिकामा मिति २०८१/७/९ देखि रिक्त हुन आएको प्राविधिक सहायक (स्थानीय सेवाको पाचौं तह) को करार सेवामा पदपूर्तिको लागि नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको "स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८" को दफा ३ वमोजिम गठन हुने पदपुर्ति समितिको सदस्यमा सम्बन्धित विषय विज्ञको रुपमा नगरपालिकाका इन्जिनियर (सातौं) विशाल ढकाललाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं २४ : जग्गा बर्गिकरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ को जग्गा बर्गिकरणको सम्बन्धमा वडा समितिको मिति २०८१/६/१५ को निर्णय समेतका आधारमा अनुसूचीमा संलग्न विवरण अनुसार कृषि र गैर कृषि क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं २५ : राजिनामा स्वीकृत सम्बन्धमा ।**

स्थानीय सेवा अन्तर्गत यस नगरपालिकामा सव इन्जिनियर पाचौं पदमा मिति २०७३/१०/०६ देखि स्थायी नियुक्ति लिई हाल इन्जिनियर छैटौं पदमा कार्यरत श्री सुजन श्रेष्ठले मिति २०७९/९/१ देखि निरन्तर अध्ययन विदा स्वीकृत गराई बसेकोमा निजले आफ्नो स्वेच्छाले पेश गरेको राजिनामा मिति २०८१/८/५ देखि लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २६ : अध्ययन विदा स्वीकृत सम्बन्धमा ।**

यस नगरपालिकामा प्रशासन समुह अन्तर्गत सहायक पाचौं पदमा हाल २ नं वडा कार्यालयमा वडा सचिवको रुपमा कार्यरत ममता केसीले वेतलबी अध्ययन विदाको लागि दिनु भएको निवेदनउपर छलफल हुँदा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ को उपनियम ८ वमोजिम २०८१/१०/३० बाट लागु हुने गरी हाललाई १ वर्षको वेतलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

गुमराज सिंह अर्याल
नगर प्रमुख